आज मिति २०७९ साल भदौ १२ गते आइतबार बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**–उपस्थिति–**

| सि.नं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री धन बहादुर पुलामी 'अशोक' | उपाध्यक्ष | |
| ३. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | कार्यपालिका सदस्य | |
| ५. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | |
| ६. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ७. | श्री भुपाल सिंह तामाङ | कार्यपालिका सदस्य | |
| ८. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| ९. | श्री युवराज पहाडी | कार्यपालिका सदस्य | |
| १०. | श्री कृष्ण प्रसाद गौतम | कार्यपालिका सदस्य | |
| ११. | श्री मोहन बहादुर गौतम | कार्यपालिका सदस्य | |
| १२. | श्री पुण्यहरिभुजेल | कार्यपालिका सदस्य | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | कार्यपालिका सदस्य | |
| १४. | श्री तारामाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | कार्यपालिका सदस्य | |
| १६. | श्री सिम कुमारी आले | कार्यपालिका सदस्य | |
| १७. | श्री युवमाया मग्राङ्गी | कार्यपालिका सदस्य | |
| १८. | श्री कमल बहादुर दमै | कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २०. | श्री राम कुमार कार्की | सचिव | |

सहजकर्ता: श्री जीतेन्द्र गिरी, अध्यक्षीय स्टाफ

श्री पदम बहादुर तामाङ, डि.पि.

श्री चन्द्रिका थापा डि.पि.

श्री तारानाथ अधिकारी का.स.

Scanned with CamScanner

मिति २०७९ भदौ १२ गते आइतबारको गाउँ कार्यपालिका बैठकको निर्णयहरु:

| निर्णय नं. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा । | यस गाउँपालिकाको यस अघि मिति २०७९/०४/१९ मा बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । |
| २ | प्रहरी चौकी चकमकेको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा । | यस गाउँपालिकाको वडा नं. ११ स्थित लाम्पनटारमा गाउँपालिका कार्यालयको केन्द्र, १५ शैय्याको अस्पताल रहेको, नजिकको चकमके बजार गाउँपालिकाकै मुख्य व्यापारिक केन्द्र भएको तथा यस स्थान वरपर घना बस्ती रहेकोले सुरक्षा व्यवस्थापनको लागि प्रहरी चौकी चकमकेलाई इलाका प्रहरी चौकी (क) मा स्तरोन्नति गरी नयाँ भवन निर्माण गर्नको लागि तपसिल बमोजिम चार किल्ला भएको हाल गाउँपालिकाले भोगचलन गरीरहेको ऐलानी पर्ति जग्गा अन्दाजी २ कट्ठा १० धूर जग्गा उपलब्ध गराउन जिल्ला सुरक्षा समिति मार्फत नेपाल सरकारलाई अनुरोध गर्ने । साथै, उक्त जग्गा नपुग भएमा हाल गाउँपालिकाको सभा हल रहेको स्थानको खाली जग्गा ४ कट्ठा १० धूरसमेत उपयोग गर्न सक्ने गरी सिफारिस गरी पठाउने ।<br>तपसिल<br>पूर्वमा चकमके-लाम्पन्टार सडक<br>पश्चिममा गाउँपालिकाको सभा हल<br>उत्तरमा चकमके-लाम्पन्टार-आम्वोटे सडक<br>दक्षिणमा चावाघारी सामुदायिक वन |
| ३ | बहुक्षेत्री पोषण कार्यक्रमको लागि वजेट व्यवस्था सम्वन्धमा । | चा.लु.आ.व.०७९/८० को लागि बहुक्षेत्रीय पोषण कार्यक्रममा संघीय सरकार सशर्त अनुदानबाट रु.१६,००,०००/- (सोह्र लाख) मात्र बजेट LMBIS बाट प्राप्त भएको र यस आ.व.मा गाउँपालिकाबाट समेत रकम थप गरी कार्यक्रम गर्नुपर्ने भएकोले समपूरक कोषबाट रु.१०,००,०००/- (दश लाख) रकम थप गरी जम्मा रु. रु.२६,००,०००/- (छब्बिस लाख) को गाउँपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा समितिबाट कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने । |



Scanned with CamScanner